# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २५ ] काठमाडौं, चैत २३ गते २०३२ साल [संख्या ५१

श्री ५ को सरकार

### कानून तथा न्याय मन्त्रालयको

### सूचना

विशेष अदालत ऐन, २०३१ को दफा ३ को उप–दफा (१) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले यो आदेश जारी गरेको छ।

खण्ड १५ मिति २०२२।६।६ अतिरिक्ताङ्क १७ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको सूचनाबमोजिम गठनभएको वाग्मती विशेष अदालतको एक सदस्यमा जिल्ला न्यायाधीश श्री पद्मराज मिस्र तोकिएकोमा निजको सट्टा न्याय सेवाका राजपत्रांकित द्वितीय श्रेणीका श्री वोधरीराज पाण्डेलाई तोकी हेरफेर गरिएको छ।

आज्ञाले–
चूडामणिराज सिंह मल्ल
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

### कानून तथा न्याय मन्त्रालयको

### सूचना

राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ३ (४) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले अञ्चल न्यायाधीश श्री अरविन्दनाथ आचार्यलाई अर्को आदेश नभएसम्म मिति २०३२।१२।३ देखि राजस्व न्यायाधिकरण काठमाडौंको कानून सदस्यमा तोकिदिएको छ।

आज्ञाले–
हरिप्रसाद शर्मा
श्री ५ को सरकारको का. मु. सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।